**अनुसूची २**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित)

बर्दगोरिया गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः१ मितिः२०८१/०६/०९

**भाग-२**

**बर्दगोरिया गाउँपालिका**

## सवारी साधन सुविधा प्रयोग गर्ने कर्मचारीलाई इन्धन वापत नगद प्रदान गर्ने मापदण्ड, २०८१

आज्ञाले

नन्दा कुमारी भट्ट

प्रमुख प्रशासकिय अधिकृत

बर्दगोरिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

**नन्दा कुमारी भट्ट**
**प्रमुख प्रशासकीय अधिकृत**

सवारी साधन सुविधा प्रयोग गर्ने कर्मचारीलाई इन्धन वापत नगद प्रदान गर्ने मापदण्ड, २०८१

बर्दगोरिया गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०६/०८

**प्रस्तावनाः** प्रशासनिक खर्चमा मित्व्ययिताको साथै कर्मचारीको मनोबल उच्च राखी सरल, सहज र उत्कृष्ट सेवा प्रवाहलाई समेत टेवा पुग्ने गरी इन्धन सुविधा सम्बन्धी मापदण्ड बनाउनु पर्ने आवश्यकता देखिएकोले बर्दगोरिया गाउँपालिकाद्वारा यो मापदण्ड जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "सवारी साधन सुविधा प्रयोग गर्ने कर्मचारीलाई इन्धन वापत नगद प्रदान गर्ने मापदण्ड, २०८१" रहेको छ ।

(२) यो मापदण्ड बर्दगोरिया गाउँपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(१) "इन्धन" भन्नाले डिजेल वा पेट्रोल सम्झनु पर्छ ।

(२) "कर्मचारी" भन्नाले बर्दगोरिया गाउँपालिका र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था, कृषि/पशु सेवा इकाईमा कार्यरत स्थायी, अस्थायी, करार र ज्यालादारी कर्मचारीहरुलाई सम्झनु पर्छ ।

(३) "प्राविधिक कर्मचारी" भन्नाले सेवा इन्जिनियरिङ, समूह सिभिल र सर्भेका अधिकृतस्तर, सहायकस्तर तथा नियमित रुपमा फिल्डमा खटिई कामकाज गर्ने प्राविधिक कर्मचारीहरुलाई सम्झनुपर्छ ।

**३. इन्धन सुविधाः** अधिकृतस्तर नवौं तहका कर्मचारीलाई मासिक १५ लिटर, अधिकृतस्तर आठौं /सातौं /छैटौ तहका कर्मचारीलाई मासिक १२ लिटर, सहायक पाँचौ र चौथो तहका कर्मचारीलाई मासिक १० लिटर र श्रेणी विहन कर्मचारीलाई मासिक ६ लिटर इन्धन सुविधा उपलब्ध गराउने छ।

**४. इन्धन वापत रकम उपलब्ध गराउनेः** (१) दफा ३ बमोजिमको इन्धन वापत सम्बन्धित कर्मचारीलाई कार्यालयले इन्धनको मूल्य बराबरको रकम मासिक रुपमा उपलब्ध गराउने छ ।

(२) उपदफा (१) बमोजिम रकम उपलब्ध गराउँदा नेपाल आयल निगमबाट इन्धनको मुल्य फेरबदल भैरहने हुँदा कर्मचारीको तह/ श्रेणी अनुसार मापदण्ड जारी गर्दाको समयमा चलिरहेको मुल्यलाई आधार मानि देहाय बमोजिमको इन्धन वापतको सुविधा निर्धारण गरिएको छ । अधिकृतस्तर नवौं तहका कर्मचारीलाई मासिक रु. २५००/-, अधिकृतस्तर आठौं, सातौं र छैटौ तहका कर्मचारीलाई मासिक रु. २०००/-, सहायक पाँचौ र चौथो तहका कर्मचारीलाई मासिक रु. १५००/- र श्रेणी विहिन कर्मचारीलाई मासिक रु. १०००/- इन्धन सुविधा वाफत रकम उपलब्ध गराइने छ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम रकम उपलब्ध गराउँदा सम्बन्धित शाखा प्रमुखको सिफारिसमा आवश्यकता अनुसार प्राविधिक कर्मचारीलाई मासिक रु. ५००/- थप इन्धन वाफत रकम उपलब्ध गराइने छ र सोको प्रतिवेदन जिन्सी तथा प्रशासन शाखामा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (१) बमोजिम इन्धन सुविधा वाफत रकम उपलब्ध गराउँदा सम्बन्धित कर्मचारीले सरकारी सवारी साधन प्रयोगको हकमा सवारी चालक अनुमतिपत्र तथा नीजि सवारी साधन प्रयोगको हकमा सवारी चालक अनुमतिपत्रको साथै सम्बन्धित कर्मचारीको नाममा रहेको सवारी साधनको ब्लुबुक

नन्दा कुमारी भट्ट
[illegible] प्रशासकीय अधिकृत

(पुष्ट्याई) हुने कागजातको प्रतिलिपि प्रशासन शाखामा पेश भै आर्थिक प्रशासन शाखामा सिफारिस भएका कर्मचारीलाई मात्र इन्धन सुविधा वाफत रकम उपलब्ध गराउन सकिने छ ।

(५) यस दफा बमोजिम इन्धन वापत भुक्तानी भएको रकमको कुनै विलविजक पेश गर्नुपर्ने छैन ।

५. **रकम भुक्तानीः** यस मापदण्ड बमोजिम प्रदान गरिने इन्धन वापतको रकम मासिक रुपमा दिने तलब भत्तासँगै सम्बन्धित कर्मचारीलाई भुक्तानी दिइने छ ।

६. **इन्धन नै उपलब्ध गराउनेः** (१) यस कार्यालयको नाममा दर्ता रहेको चारपाङ्ग्रे स्कार्पियो र ट्रेक्टरको हकमा जिन्सी शाखाको सिफारिसमा तथा एम्बुलेन्सको हकमा दोदोधरा अस्पताल/स्वास्थ्य शाखाको सिफारिसमा आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृतले इन्धन उपलब्ध गराउन सकिने छ ।

(२) उपदफा (१) बमोजिम इन्धन उपलब्ध गराउँदा अनिवार्य रुपमा लक बुक भरि जिन्सी शाखामा पेश गर्नुपर्ने छ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यालयमा भविष्यमा खरिद/हस्तान्तरण भै आएका चारपाङ्ग्रे सवारी साधनको हकमा उपदफा (१) बमोजिम नै हुनेछ ।

७. **अतिथि तथा अन्यको हकमाः** (१) प्रयोजन खुलाई इन्धनको अति आवश्यकीय अवस्थामा गाउँपालिका अध्यक्ष ज्यूको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले चारपाङ्ग्रे सवारी साधनको हकमा बढीमा ३० लिटर र दुई पाङ्ग्रे सवारी साधनको हकमा बढीमा १० लिटर उपलब्ध गराउन सकिने छ।

(२) उपदफा (१) बमोजिम इन्धन उपलब्ध गराउँदा अनिवार्य रुपमा लक बुक भरि जिन्सी शाखामा पेश गर्नुपर्ने छ ।

८. **इन्धन सुविधा उपलब्ध नहुनेः** (१) यस मापदण्ड बमोजिमको सुविधा प्राप्त गर्ने कर्मचारी अध्ययन विदा, असाधरण विदा, सुत्केरी विदा, एक महिना भन्दा बढी घर विदा वा बिरामी विदामा रहेको वा प्रचलित कानून बमोजिम कुनै कारणले निलम्बनमा रहेको समयमा सो अवधिभर इन्धन वापत पाउने सुविधा उपलब्ध गराइने छैन ।

(२) यस मापदण्ड बमोजिम इन्धन वापत नगद सुविधा प्राप्त गर्ने कर्मचारीलाई थप छुट्टै इन्धन उपलब्ध गराइने छैन ।

९. **इन्धन सम्बन्धी थप सुविधाः** (१) इन्धन सुविधा पाउने कर्मचारी कुनै कार्यक्रमको लागि वा सरकारी कामको सिलसिलामा बर्दगोरिया गाउँपालिका बाहेकका अन्य पालिका वा जिल्ला भ्रमण गर्नुपर्ने भएमा भ्रमण आदेश स्वीकृत गरेर यातायाता/इन्धन खर्च भ्रमण विलबाट नै लिनुपर्ने छ।

१०. **यसै मापदण्ड बमोजिम हुनेः** (१) कार्यालयबाट कर्मचारीलाई इन्धन सुविधा उपलब्ध गराउने सम्बन्धी सबै व्यवस्था यसै मापदण्ड बमोजिम हुने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीलाई प्रचलित कानूनमा सवारी साधनको सुविधा प्रयोग गरेवापत दिइने सवारी मर्मत तथा सवारी चालक सुविधा सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

**नन्दा कुमारी भट्ट**
**प्रमुख प्रशासकीय अधिकृत**

**११. विद्युतीय सवारी साधनको प्रयोगः** यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापिन कुनै कर्मचारीलाई विद्युतीय सवारीको सुविधा उपलब्ध भएको अवस्थामा इन्धन वापतको रकम उपलब्ध गराइने छैन ।

**१०. इन्धन वापतको रकममा कर लाग्नेः** इन्धन वापत नगद उपलब्ध गराउँदा सो नगद रकम सम्बन्धित कर्मचारीको कुल आम्दानीमा गणना गरी प्रचलित कानून बमोजिम कर लाग्ने छ ।

**१२. दुरुपयोग गर्न नहुनेः** (१) यस मापदण्ड बमोजिम इन्धन सुविधा प्राप्त गर्ने कर्मचारीले दोहोरो पर्ने गरी इन्धन वापतको सुविधा लिन पाइने छैन ।

(२) उपदफा (१) विपरीत कुनै कर्मचारीले दोहोरो सुविधा लिएको पाइएमा कार्यालय प्रमुखले सम्बन्धित कर्मचारीबाट असुलउपर गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिम असुलउपर नगर्ने कर्मचारी र कार्यालय प्रमुखलाई प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउनुपर्ने छ ।

**१३. मार्गदर्शनको रुपमा लिन सक्नेः** स्थानीय सरकारले यस मापदण्डको व्यवस्थालाई मार्गदर्शनको रुपमा लिई कार्यान्वयन गर्न सक्नेछन् ।

**१४. बाधा अड्काउ फुकाउनेः** यस मापदण्डको कार्यान्वयनमा कुनै समस्या उत्पन्न भएमा बर्दगोरिया गाउँपालिकाले जुनसुकै वखत आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाई कार्यान्वियन गर्न सक्ने छ।

**१५. संशोधन र खारेजीः**

(१) आवश्यकताअनुसार यस मापदण्डमा भएको व्यवस्था संशोधन गर्न सकिनेछ ।

(२) यस अघि बर्दगोरिया गाउँपालिका गाउँ कार्यपालिकाको इन्धन सम्बन्धी सुविधा निर्णय खारेज गरिएको छ ।

आज्ञाले

नन्दा कुमारी भट्ट

प्रमुख प्रशासकीय अधिकृत

नन्दा कुमारी भट्ट

प्रमुख प्रशासकीय अधिकृत